राजनीतिक परिवेश विश्लेषण



# संक्रमणकालीन न्याय : सशस्त्र द्वन्द्व पीडितको बदलिँदो आवश्यकता

अङ्क २३ | असोज २०८३

DEMOCRACY RESOURCE CENTER

राजनीतिक परिवेश विश्लेषण

# संक्रमणकालीन न्याय : सशस्त्र द्वन्द्व पीडितको बदलिँदो आवश्यकता

अङ्क २३ | असोज २०८३

DEMOCRACY
RESOURCE CENTER

डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)
ललितपुर, नेपाल

## राजनीतिक परिवेश विश्लेषण

# संक्रमणकालीन न्याय : सशस्त्र द्वन्द्व पीडितको बदलिँदो आवश्यकता

**अङ्क २३ | असोज २०८३**

*प्रकाशक*

डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन)

ललितपुर, नेपाल

फोन : ०१-५९०२२८६

इमेल : info@democracyresource.org

www.democracyresource.org

सर्वाधिकार © डीआरसीएन

यो राजनीतिक परिवेश विश्लेषण द कार्टर सेन्टरको सहयोगमा तयार पारिएको हो । यस अध्ययनको विश्लेषण तथा निष्कर्ष डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) का हुन् र तिनले सहयोगी संस्था (द कार्टर सेन्टर) को विचारलाई प्रतिबिम्बित गर्दैनन् ।

# विषयसूची


**१. परिचय ....... १**

**२. पीडितको आवश्यकता ....... ४**

२.१ आर्थिक आवश्यकता ....... ४

२.२ शिक्षा र रोजगारसम्बन्धी आवश्यकता ....... ५

२.३ स्वास्थ्यसम्बन्धी आवश्यकता ....... ७

२.४ कानूनी उपचारमा सहयोग ....... ८

२.५ पीडित शिक्षक र कर्मचारीलाई सुविधा ....... ९

**३. न्यायको यात्रासँगै परिवर्तित आवश्यकता ....... १०**

३.१ पीडितले खोजेको न्याय ....... ११

**४. आवश्यकता सम्बोधनको सरकारी प्रयास ....... १५**

४.१ अन्तरिम राहत ....... १६

४.२ प्रदेश र स्थानीय सरकारका काम ....... १८

**५. निष्कर्ष ....... २०**

# १. परिचय

नेपाल कम्युनिष्ट पार्टी (माओवादी) [नेकपा (माओवादी)] ले फागुन १, २०५२ देखि गरेको एक दशक लामो सशस्त्र सङ्घर्षले सम्पूर्ण नेपाली समाज नै प्रभावित भयो । यस द्वन्द्वमा झन्डै १३ हजार व्यक्ति मारिए र १ हजार ३ सयभन्दा बढी बेपत्ता पारिए ।[1] सशस्त्र सङ्घर्षमा राज्य र तत्कालीन विद्रोही नेकपा (माओवादी) पक्षबाट हत्या, अपहरण तथा शरीर बन्धक, अङ्गभङ्ग, शारीरिक तथा मानसिक यातना, बलात्कार तथा यौनजन्य हिंसा, सम्पत्ति क्षति, बेपत्ता लगायतका मानवअधिकार उल्लङ्घनका गम्भीर घटना भए ।

नेपाल सरकार र तत्कालीन विद्रोही नेकपा (माओवादी) बीच मङ्सिर ५, २०६३ मा शान्ति सम्झौता भयो । शान्ति सम्झौताअनुसार बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गरियो । तर, शान्ति सम्झौता भएको दुई दशक बित्दासमेत सङ्क्रमणकालीन न्याय टुङ्गोमा पुगेको छैन । यसका कानूनी र संरचनागत पक्षमाथि विशद बहस भए पनि पीडितको आवश्यकताबारे अध्ययन, अनुसन्धान र बहस निकै कम भएका छन् । सङ्क्रमणकालीन न्यायसम्बन्धी नीति पीडितको आवश्यकता, परिपूरण र सत्यको खोजीमा भन्दा राजनीतिक नेतृत्व र सुरक्षा बल (सेना र प्रहरी) को हितमा केन्द्रित रहँदै आएका छन् ।[2] अर्कोतर्फ नागरिक समाजले भने फौजदारी न्यायलाई बढी महत्त्व दिँदै आएको छ ।

---

[1] डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) । २०८३ । *नेपालको सङ्क्रमणकालीन न्याय पीडितको प्रतीक्षा, राजनीतिक हस्तक्षेप र चुनौती* । ललितपुर : डीआरसीएन । www.democracyresource.org/wp-content/uploads/2026/07/DRCN-PSU-21-Transitional-Justice-in-Nepal-Victims-Prolonged-Wait-Political-Interference-and-Emerging-Challenges-Nepali-Version-July-2026.pdf मा उपलब्ध; भदौ २४, २०८३ मा हेरिएको ।

[2] तामाङ, सेरा, चिरन मानन्धर र दिप्ती शेरचन । सन् २०१७ । *हामी बिर्सन सक्दैनौँ : द्वन्द्वोत्तर नेपालमा सत्य र स्मृति* । काठमाडौँ: सङ्क्रमणकालीन न्यायका लागि अन्तर्राष्ट्रिय केन्द्र (आइसिटिजे) र मार्टिन चौतारी ।

सङ्क्रमणकालीन न्यायलाई पीडितको जीवनसँग जोड्न तिनका आवश्यकता पहिचान गरिनु पर्छ। द्वन्द्वमा उस्तै क्षति भएका व्यक्ति या परिवारलाई त्यसको असर समान नहुन सक्छ भने समयसँगै उनीहरूका प्राथमिकता पनि बदलिन्छन्। त्यसैले विगतमा भएको घटनाको प्रकृतिका आधारमा पीडितको वर्तमान आवश्यकता निर्धारण गर्नुभन्दा उनीहरूले अहिले के आवश्यक ठानेका छन् भन्ने बुझ्नु आवश्यक हुन्छ। तत्कालिन भैरवनाथ गण महाराजगञ्जमा नेपाली सेनाको सेनानी पदमा कार्यरत राजु बस्नेतलाई नेपाली सेनाको सहायक रथी पदमा बढुवा गर्ने निर्णय विरुद्ध इन्हुरेड इन्टरनेसनलका निर्देशक अधिवक्ता विदुरप्रसाद अधिकारी समेतले नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय विरुद्ध दिएको मुद्दामा पीडकको सानो हिस्सालाई अभियोजन गरेर मात्र मानवअधिकार उल्लङ्घनमा पीडितको माग पूरा भएको मान्न नसकिने हुँदा पीडित र सम्बन्धित पक्षको मागलाई केन्द्रमा राखी सत्य उद्घाटन र परिपूरण गरिनुपर्ने आदेश सर्वोच्च अदालतले पनि दिएको थियो।[३] परिपूरण राष्ट्रिय र अन्तर्राष्ट्रिय कानूनको अपरिहार्य अङ्ग हो जसले कुनै अवाञ्छित घटनाले पीडितलाई असर पारेपछि उसको जीवनलाई पूर्ववत् सहज बनाउने प्रयास गर्छ। त्यसैले परिपूरण पीडितकेन्द्रित हुन्छ र उसको आवश्यकताअनुरूप यसको कार्यान्वयन गरिन्छ।

डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) ले सातै प्रदेशमा द्वन्द्व पीडितका वर्तमान आवश्यकता पहिचान गर्ने उद्देश्यले अनुसन्धान गरिरहेको छ। त्यो अध्ययन राज्य र विद्रोही दुवै पक्षबाट हत्या, अपहरण तथा शरीर बन्धक, अङ्गभङ्ग, शारीरिक तथा मानसिक यातना, बेपत्ता, विस्थापित, बलात्कार तथा यौनजन्य हिंसा पीडित परिवारको आवश्यकतामा केन्द्रित छ।[४] यस अध्ययनमा 'द्वन्द्व पीडित' भन्नाले त्यस्ता घटनाबाट प्रत्यक्ष प्रभावित व्यक्ति तथा तिनका परिवारलाई बुझ्नुपर्छ। सात प्रदेशमध्ये सुदूरपश्चिम, कर्णाली र लुम्बिनी प्रदेशमा

---

[३] बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग, नेपाल। २०७९। *सङ्क्रमणकालीन न्यायसम्बन्धी सर्वोच्च अदालतबाट भएका आदेशहरू*। ललितपुर : बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग, नेपाल।

[४] नेपालको सन्दर्भमा द्वन्द्वकालमा बेपत्ता पारिएका व्यक्तिका परिवारको आवश्यकताबारे पहिलो र महत्त्वपूर्ण अध्ययन साइमन रोबिन्सले गरेका थिए। उक्त अध्ययन पीडित केन्द्रित विधिमा आधारित थियो। सङ्क्रमणकालीन न्यायका प्रक्रियालाई कानूनी अभियोजन र अभिजात वर्गद्वारा निर्मित ढाँचामा मात्र सीमित नगरी पीडित तथा तिनका परिवारको अर्थपूर्ण सहभागितामा उनीहरूको आवश्यकता सम्बोधन गरिनुपर्ने तर्क रोबिन्सको छ। हेर्नुहोस्: Robins, Simon. 2009. An Assessment of the Needs of Families of the Missing in Nepal. Available at SSRN: https://ssrn.com/abstract=1518504 or http://dx.doi.org/10.2139/ssrn.1518504.

गरिएको अध्ययनको प्रारम्भिक नतिजामा यो राजनीतिक परिवेश विश्लेषण आधारित छ ।[५] पीडितले आफ्ना आवश्यकता कसरी बुझेका र व्यक्त गरेका छन् भन्नेमा यो परिवेश विश्लेषण केन्द्रित छ ।

---

[५] अध्ययनका क्रममा सुदूरपश्चिमको कैलाली र कञ्चनपुर, कर्णालीको जाजरकोट र रूकुम (पश्चिम) तथा लुम्बिनीको बर्दिया र बाँके जिल्लाका कुल ६० पीडितसँग सर्वेक्षण गर्नुका साथै पीडित र अन्य सरोकारवालासँग अन्तर्क्रिया पनि गरी जानकारी सङ्कलन गरिएको थियो। यहाँ 'पीडितको आवश्यकता' ले अध्ययनमा सहभागीहरूले व्यक्त गरेका धारणाको प्रतिनिधित्व गर्छ ।

# २. पीडितको आवश्यकता

द्वन्द्वकालका घटनाको प्रकृति, पीडितको शैक्षिक योग्यता, सामाजिक एवं आर्थिक अवस्था, राज्य तथा राजनीतिक दलमा पहुँच, मानवअधिकार तथा सङ्क्रमणकालीन न्यायको कार्यमा सङ्लग्नता आदिका आधारमा पीडितको आवश्यकतामा व्यापक विविधता भेटिन्छ । पीडितले उल्लेख गरेका आवश्यकतालाई तिनको प्रकृतिअनुसार यहाँ आर्थिक, शिक्षा तथा रोजगार, स्वास्थ्योपचार, कानूनी उपचार र जागिरेलाई न्याय भनी विभाजन गरी चर्चा गरिएको छ ।

## २.१ आर्थिक आवश्यकता

आर्थिक उपार्जनमा सक्रिय व्यक्ति मारिनु, बेपत्ता पारिनु या अङ्गभङ्ग हुनुजस्ता घटनापछि पीडित परिवारको आर्थिक अवस्था कमजोर बनेको पीडितहरूले बताए । त्यस्तै, आफ्नो थातथलोबाट विस्थापन, यातना तथा अङ्गभङ्ग र यौन हिंसाका कारण पीडित तथा परिवारको आर्थिक अवस्था कमजोर भएको थियो । बाँकेका एक यातना पीडितले भने, "गाउँमा ऋण त परको कुरा, हामीलाई गाउँमा खसी काट्दा केही दिनलाई उधारोमा मासु पनि दिँदैनन् । पैसाको अभावमा हामीले चाडबाड पनि मनाएनौँ ।"[६] यसले पीडितको आर्थिक-सामाजिक हैसियत सङ्केत गर्दथ्यो । द्वन्द्वमा श्रीमान् मारिएपछि वा बेपत्ता पारिएपछि श्रीमतीलाई सन्तानसहित घरबाट निकालिएको र अंशसमेत नदिइएको दृष्टान्त अध्ययनका क्रममा भेटियो । मुद्दामामिलाका कारणले समेत पीडितलाई व्ययभार थपिएको थियो । विशेषतः त्यस्ता पीडितमा महिला नै धेरै थिए । "माओवादीबाट श्रीमान् मारिएपछि मैले चार ओटा भैँसी पालेकी थिएँ । बिहान तीनै बजे उठेर दुध दुहेर बजारमा बेच्न लान्थेँ । त्यही पैसाबाट मैले घर चलाए । मेरो बालबच्चा पढाए । पहिले खेतबारीमा आफैँ पाखुरा बजार्न सक्थेँ । तर उमेर बढ्दै

[६] ती पीडितसँग साउन ८, २०८३ मा गरिएको कुराकानी ।

गयो, म रोगी भएँ। भैँसी पाल्न छोडेँ। अहिले काम गर्न सक्दिनँ। आर्थिक अवस्था कमजोर भयो।"[७]

अधिकांश पीडितका आर्थिक अवस्था झन् कमजोर बन्दै गएको छ। माओवादीले श्रीमान् बेपत्ता पारेपछि आफ्नो आर्थिक दुरावस्था प्रस्ट्याउँदै कैलालीकै एक महिलाले भनिन् :

> मेरो श्रीमान् निजी स्कूलमा पढाउनुहुन्थ्यो। उहाँ राजनीतिमा पनि हुनुहुन्थ्यो - एमाले वडा कमिटी सचिव। जेठ ५, २०६० मा माओवादीले घरमै आएर उहाँलाई लिएर गए। बेपत्ता पारे। त्यसपछि मेरो परिवार गाउँबाट विस्थापित भएर धनगढीमा बस्यो। चार/पाँच वर्ष म श्रीमान्को खोजीमा लागेँ। छोरा र छोरी सानै थिए। छोरा बेपत्ता पारिएपछि सासू-ससुरा पनि गल्नुभयो। उहाँहरू काम गर्न सक्ने अवस्थामा हुनुहुन्नथ्यो। पछि मैले श्रीमान्को खोजीसगैँ धनगढीमा मजदुरी गरेर जसोतसो आफ्ना दुई बच्चालाई पढाएँ। सासू त छोराको सुर्ताले बित्नुभयो। अहिले ससुरा मसँगै आश्रित हुनुहुन्छ। तर मेरो आम्दानीको स्रोत छैन।[८]

अभावैमा भए पनि एउटा लयमा चलेको जीवनमा द्वन्द्व सिर्जित घटनाले प्रलय ल्याइदिएकाले परिवारले आर्थिक सङ्कट भोग्नुपरेको र त्यसको असर आज पर्यन्त बाँकी नै रहेकाले आर्थिक सहायता आवश्यक रहेको अधिकांश पीडितहरूको दाबी थियो।

## २.२ शिक्षा र रोजगारसम्बन्धी आवश्यकता

पीडितका सन्तानले शिक्षाका लागि पनि निकै कष्टप्रद यात्रा तय गर्नु परेको पाइयो। आर्थिक अभाव र असुरक्षाको कारण तिनको पढाइ प्रभावित भएको थियो। श्रीमान् मारिएपछि आफ्नो छोरा पढाउन कैलारी गाउँपालिकाको एक महिलाले गरेको सङ्घर्षको वर्णन यस्तो थियो :

> मेरो श्रीमान् मारिएपछि सासू-ससुराले मुखले केही भनेनन् तर व्यवहारमा हेला गर्न थाले। मेरो छोरा नौ वर्षको हुँदासम्म स्कूल भर्ना गरिदिएनन्। मैले माओवादी पार्टीका

[७] ती पीडितसँग साउन ९, २०८३ मा गरिएको कुराकानी।

[८] ती पीडितसँग साउन १८, २०८३ मा गरिएको कुराकानी।

स्थानीय नेतालाई भनेपछि 'कुनै शहीद विद्यालयमा लगेर भर्ना गरिदिन्छौँ' भने। छोरालाई आफूबाट टाढा राख्न सक्ने अवस्थामा थिइनँ। त्यसैले मैले छोरा पढाउनकै लागि कैलारीबाट धनगढी जाने निधो गरेँ। त्यहाँ एउटा स्कूलको होस्टेलमा काम गरेँ। स्कूलले मेरो छोरालाई सित्तैँमा पढाइदिन्थ्यो। मलाई मासिक १५ सय रूपैयाँ तलब दिन्थ्यो। तर काम गाह्रो थियो। हप्तामा सातै दिन बिहान ४ बजेदेखि राति १० बजेसम्म काम गर्नु पर्थ्यो। कामको बोझले म धेरै पटक बिरामी भएँ। तर मैले बच्चालाई एसएलसी पास गराएँ।[९]

सन्तानलाई जसोतसो विद्यालय शिक्षा उपलब्ध गराएका धेरै पीडितमा तिनलाई उच्च शिक्षा पढाउने चाहना भए पनि कमजोर आर्थिक अवस्थाले गर्दा त्यसो गर्न नसकेको पीडितहरूले बताए। तीन जना महिलाले शान्ति सम्झौतापछि उच्च शिक्षा हासिल गरेको अध्ययनको क्रममा भेटिए। ती तीनै जना महिला यौन हिंसा पीडित थिए। सबैले मनोसामाजिक परामर्श र उपचार लिइरहेका थिए। तथापि, उनीहरूले यौन हिंसा पीडितको पक्षमा नेतृत्वदायी रूपमा आवाज उठाइराखेका थिए। राज्यले अन्तरिम राहत स्वरूप पीडितको परिवारबाट १८ वर्ष मुनिका दुई जना बालबालिकालाई छात्रवृत्ति दिने व्यवस्था गरेको थियो। पीडितहरूका अनुसार त्यो व्यवस्थाबाट सामुदायिक विद्यालयमा मात्र लाभ पाउन सकिन्थ्यो। तर निजी विद्यालयमा अध्ययन गरेका पीडितका बालबच्चाले सो सुविधा पाउन कठिन थियो। उच्च शिक्षा अध्ययनरत पीडित र तिनका परिवारका सदस्यले उच्च शिक्षाका लागि राज्यले छात्रवृत्तिसहित बन्दोबस्त गर्नुपर्ने अभिमत जाहेर गरेका थिए। कतिपय पीडितका नातिनातिनी विद्यालय जाने भएका र तिनको शिक्षामा समेत राज्यले सघाउनुपर्ने माग केही पीडितले राखेका थिए।

अधिकांश पीडितहरूले ठूलो कहरबीच सन्तानलाई लालनपालन गरी शिक्षादीक्षा दिए। अब तिनले योग्यताअनुसार रोजगारी पाए हुन्थ्यो भन्ने आशा पीडितले राखेको पाइयो। द्वन्द्वमा परी श्रीमान्को हत्या भएकी एक महिलाले भनिन्, "हाम्रो सन्तानलाई सरकारी निकायमा कार्यालय सहायककै भए पनि जागिर दिए हुन्थ्यो।"[१०] पीडितले स्वरोजगारका लागि सीपको आवश्यकता पनि औँल्याएका थिए। तर विगतमा जस्तो सिलाइकटाइ वा ड्राइभिङजस्ता सीपतर्फ पीडितको रुचि थिएन। सस्तोमा तयारी लुगा पाइने भएकाले सिलाइकटाइको

[९] ती पीडितसँग साउन १९, २०८३ मा गरिएको कुराकानी।

[१०] ती पीडितसँग साउन १८, २०८३ मा गरिएको कुराकानी।

बजार कमजोर, ड्राइभिङ तालिमसमेत महिलाको लागि अव्यावहारिक र पुरुषकै लागि पनि सवारी साधन किन्ने आर्थिक हैसियत नभएको तर्क पीडितहरूको थियो । त्यसैले बजारको आवश्यकता ध्यानमा राखी सीप दिइनुपर्ने सुझाव तिनले राखे । उद्यमसम्बन्धी ज्ञान, आवश्यक सामग्री र बीउ पूँजीसमेत दिइनुपर्नेमा केही पीडितको जोड थियो ।

## २.३ स्वास्थ्यसम्बन्धी आवश्यकता

पीडितलाई शारीरिक र मानसिक दुवै स्वास्थ्य उपचारको आवश्यकता भएको पाइयो । उमेरजन्य कारणले विभिन्न रोग देखिएकाले निःशुल्क औषधी उपचारको व्यवस्था राज्यबाट हुनुपर्ने पीडितको माग छ । कैयौँ घाइतेका शरीरबाट अहिले पनि गोली झिकिएको छैन । ती घाइतेलाई जाडो/गर्मी दुवै याममा गाह्रो हुनाले उपचारको आवश्यकता छ । यातना, यौन हिंसा तथा बलात्कार पीडितका लागि मानसिक उपचारसमेत चाहिएको छ । केही पीडितले तनाव व्यवस्थापनको अभ्यास गरिरहेको बताए । बेपत्ताका परिवारले पनि मानसिक स्वास्थ्य उपचारलाई प्रमुख आवश्यकता मानेका थिए । परिवारमा परेको मानसिक असरबारे दाजु बेपत्ता पारिएकी एक महिलाले भनिन् :

> मेरो दाइ सरकारी विद्यालयमा शिक्षक हुनुहुन्थ्यो । फागुन २७, २०५८ मा उहाँलाई तत्कालीन शाही सेनाले बेपत्ता बनायो । त्यसपछि पनि राति घरमा सेना आएर बन्दुक छातीमा तेर्साउँथे । हामीले शारीरिक र मानसिक यातना भोग्यौँ । गाउँमा बस्न नसकेपछि धनगढी आयौँ । दाइको चार वर्षको छोरा थियो । उसले आफ्नो बुवा खोजिराख्थ्यो, उहाँको चित्र बनाउँथ्यो । नौ कक्षामा पढ्दा उसलाई डिप्रेसन भयो र लामो समय औषधी उपचार गऱ्यौँ । केही समय ठीक भयो र काम पनि गरेको थियो । तर अहिले फेरि त्यस्तै भएको छ । हामीले उसको उपचार गर्दैछौँ । दाइ बेपत्ता भएदेखि नै भाउजूले पनि डिप्रेसनको औषधी खानुहुन्छ ।[११]

त्यस्तै, तत्कालीन शाही सेनाको यौन दुर्व्यवहारमा परेकी महिलाले उनको मानसिक समस्याबारे भनिन् :

---

[११] ती पीडितसँग साउन १८, २०८३ मा गरिएको कुराकानी ।

फागुन २०६२ मा घेरा हाल्दै सेना गाउँ पस्यो । पुरुषहरू सबै भागे । 'मैले केही गरेकी छैन, मलाई सेनाले के गर्ला र ?' भनेर म घरमै बसेँ । तर सेनाले मलाई शारीरिक दुर्व्यवहार गरे । त्यसपछि पछाडि हात बाँधेर बन्दुकको नालले जथाभावी हिर्काए । कान र नाकबाट रगत बग्यो । म बेहोस भएपछि छोडेछन् । त्यस घटनापछि म मानसिक रूपमा विक्षिप्त भएँ । बेलाबेलामा बेहोस हुने, टाउको दुख्ने, बान्ता आउने लगायतका थुप्रै समस्या देखिए । दुई पटक आत्महत्याको प्रयास पनि गरेँ । सीएमसी नेपाल भन्ने संस्थाले काउन्सिलिङ गरेपछि अलि सहज भयो । मैले आठ वर्षदेखि मानसिक रोगको दबाई खाइरहेकी छु ।[१२]

मानसिक उपचारमा पहुँच नपाएको तुलनामा मानसिक उपचारमा पहुँच पाएका पीडितमा संवेगात्मक स्थिरता देख्न सकिन्थ्यो । विभिन्न प्रकृतिका पीडितहरूले मानसिक स्वास्थ्यसम्बन्धी विशिष्ट किसिमको उपचार र परामर्श आवश्यक भएको बताए ।

## २.४ कानूनी उपचारमा सहयोग

द्वन्द्व पीडितहरूले गम्भीर मानवअधिकार उल्लङ्घनका मुद्दामा मात्र होइन, घरायसी तथा पारिवारिक विवाद समाधानका लागि पनि प्रभावकारी कानूनी उपचारको आवश्यकता औँल्याए । विशेष गरी द्वन्द्वका क्रममा हत्या भएका वा बेपत्ता पारिएका व्यक्तिका श्रीमती तथा आश्रित सदस्य घरबाट निकालिने, अंश नदिने, आवश्यक कानूनी कागजात नबनाइदिने जस्ता समस्या भोगिरहेको पाइयो । सरकारबाट प्राप्त रु. १० लाख राहत रकमलाई नै 'तेरो अंश भयो' भनी अंश दिन इन्कार गरेका घटनासमेत भेटिए । यस्ता घरायसी विवादले पीडित महिला तथा परिवारलाई थप आर्थिक, सामाजिक र मानसिक पीडा थपेका छन् ।

यस सन्दर्भमा, निःशुल्क कानूनी परामर्श, अदालती प्रतिनिधित्व तथा कागजात प्राप्तिमा सहयोग अपरिहार्य बनेको छ । महिला, कानून र विकास मञ्च, कानूनी सहयोग तथा परामर्श केन्द्र (ल्याक), एडभोकेसी फोरम लगायतका संस्थाहरूले यस्ता पारिवारिक विवादमा कानूनी परामर्श र प्रतिनिधित्व उपलब्ध गराउँदै आएका छन् । हाल संसद्मा विचाराधीन निःशुल्क कानूनी सहायता विधेयकले द्वन्द्व पीडितलाई प्राथमिकतामा राख्ने प्रस्ताव गरेकाले यस

[१२] ती महिलासँग साउन ६, २०८३ मा गरिएको कुराकानी ।

आवश्यकतालाई सम्बोधन गर्न सक्ने अपेक्षा गरिएको छ ।[१३] पीडितकेन्द्रित कानूनी सहायता प्रणाली सुदृढ बनाई घरायसी विवादमा समेत सहज पहुँच सुनिश्चित गर्नु अहिलेको प्रमुख आवश्यकता हो ।

## २.५ पीडित शिक्षक र कर्मचारीलाई सुविधा

माओवादी र राज्यपक्षबाट यातना पाएर, विस्थापित भएर वा राज्यले बन्दी बनाएको कारण थुप्रै शिक्षक, निजामती कर्मचारी र सुरक्षाकर्मी (सेना तथा प्रहरी) लगायत धेरै पेसाकर्मीहरूले परिवारको सुरक्षाका कारण जागिर छोड्नुपरेको थियो । शिक्षकतर्फ त्यस्तो सङ्ख्या ३३० रहेको एक जना पीडित शिक्षकले बताए । ती शिक्षकले भने, “मलाई राज्यले पटक-पटक गरेर साढे तीन वर्ष कारागार राखेको मसँग प्रमाण छ । मेरो कुनै बढुवा भएन । मेरो योग्यताअनुसार कार्यसम्पादन मूल्याङ्कन भई अहिले म प्रथम श्रेणीको शिक्षक हुनुपर्ने हो, तर सेवा अवधि पनि जोडिएको छैन ।”[१४] द्वन्द्वको कारणले विस्थापित शिक्षक तथा कर्मचारीले टुटेको सेवा अवधि गणना गरी सोबीचको सेवा सुविधा पाउने भनेर अदालतले निर्णय पनि गरेको छ । सो निर्णयपछि उनीहरू आफ्नो काममा पुनर्बहाली पनि भएका छन् । तर त्यस्ता शिक्षक तथा निजामती कर्मचारीले त्यस समयको कुनै सुविधा एवं बढुवा पाउन सकेका छैनन् ।

---

[१३] संसद्मा दर्ता भएको नि:शुल्क कानूनी सहायतासम्बन्धी विधेयक, २०८३ हेर्नुहोस्: https://hr.parliament.gov.np/uploads/attachments/fcprsga347tgsdu8.pdf

[१४] ती शिक्षकसँग साउन , २०८३ मा गरीएको कुराकानी ।

# ३. न्यायको यात्रासँगै परिवर्तित आवश्यकता

न्यायको लामो सङ्घर्षसँगै सशस्त्र द्वन्द्व पीडितका आवश्यकता पनि समय, उमेर, पारिवारिक अवस्था र पीडाका प्रकृतिअनुसार रूपान्तरण हुँदै गएका छन् । फरक प्रकृतिका पीडितको आवश्यकता केही भिन्न पाइन्छ । त्यसको अर्थ समान प्रकृतिका पीडितको आवश्यकता एकैनासको छ भन्ने होइन । बेपत्ता परिवार र यौन हिंसा एवं बलात्कार पीडितको आवश्यकता अन्य पीडितको तुलनामा विशिष्ट छन् ।[१५]

बेपत्ता परिवारको आवश्यकताबारे अध्ययन गरेका साइमन रोबिन्सले बेपत्ता परिवारका सदस्यले विशिष्ट प्रकृतिको पीडा सामना गरेको तर्क गरेका थिए । यसलाई उनले 'अस्पष्ट क्षति' भनेर प्रस्ट्याएका थिए । यस्तो अवस्थामा परिवारले व्यक्तिको निश्चित मृत्युको अनुभव गर्दैन । बरु, बेपत्ता व्यक्ति भौतिक रूपमा अनुपस्थित तर मनोवैज्ञानिक रूपमा उपस्थित भइरहन्छन् । यसले परिवारमा विशिष्ट प्रकारको शोक उत्पन्न गर्छ, किनकि उनीहरूले सहज रूपमा व्यक्तिको मृत्युमा शोक मनाउन; मृत्यु संस्कार गर्न; सम्पत्ति तथा उत्तराधिकार निर्धारण गर्न; पारिवारिक सम्बन्ध पुनर्गठन गर्न वा घटनालाई मनोवैज्ञानिक रूपमा अन्त्य गर्न सक्दैनन् ।[१६] अधिकांश बेपत्ता परिवारका सदस्य शुरूआती दिनमा आफ्नो प्रियजनको स्थिति पत्ता लगाउन भौतारिएका थिए । त्यसमा स्रोत र समय खर्च भएको थियो । त्यसले पीडित परिवारको आर्थिक अवस्था, परिवार सदस्यका पालनपोषण र शिक्षादीक्षामा समेत प्रभाव पर्‍यो ।

एक पीडित महिलाको अनुभवले बेपत्ता पारिएका व्यक्तिको परिवारले भोगेको यस्तो बहुआयामिक कठिनाइलाई स्पष्ट पार्छ । उनले भनेअनुसार उनका श्रीमान् बर्दियाको एक गाउँमा

---

[१५] द्वन्द्वकालका यौन हिंसा पीडितको विद्यमान समस्याबारे डीआरसीएनले छुट्टै राजनीतिक परिवेश विश्लेषण प्रकाशन गर्दैछ ।

[१६] हेर्नुहोस्: Robins, Simon. 2009. An Assessment of the Needs of Families of the Missing in Nepal. Available at SSRN: https://ssrn.com/abstract=1518504 or http://dx.doi.org/10.2139/ssrn.1518504.

मिल चलाउँथे। उनी त्यसबेला १८ वर्षकी थिइन्। कात्तिक २३, २०५९ गते राति तत्कालीन शाही सेनाले श्रीमान्लाई घरबाटै लगेपछि उनी खोजीका लागि नेपालगञ्ज, टीकापुरदेखि काठमाडौँसम्म पुगिन्। खर्च सापटी लिएर र घरबाटै चामल-दाल बोकेर खोजीमा हिँड्नुपरेको उनको भनाइ छ। श्रीमान्लाई बेपत्ता पार्नमा सुराकीको भूमिका रहेको र 'खोजेर ल्याइदिन्छु' भनेपछि ऋण लिएर सुराकीलाई समेत २० हजार रूपैयाँ दिएको उनले बताइन्। श्रीमान् बेपत्ता भएपछि मिल बन्द भयो, साना बच्चाको हेरचाह र पढाइ प्रभावित भयो। त्यसैले उनका लागि न्याय केवल दोषीमाथि कारबाहीसँग सीमित छैन; परिवारको आर्थिक पुनर्स्थापना र बालबालिकाको भविष्यसँग पनि जोडिएको छ। उनको शब्दमा, "मलाई मेरो श्रीमान्को कि सास चाहियो कि लास चाहियो। त्यसपछि दोषीलाई कारबाही हुनुपर्छ।"[१७] यो भनाइले बेपत्ता परिवारका लागि सत्यको खोजी र न्यायसँगै परिवारको वर्तमान तथा भावी आवश्यकता पनि उत्तिकै महत्त्वपूर्ण रहेको देखाउँछ।

अर्को बेपत्ता व्यक्तिको परिवारको अनुभवले भने आवश्यकताको पुस्तान्तरणतर्फ सङ्केत गर्छ। आफू पाँच वर्षको हुँदा बुवालाई घरबाटै लगिएको देखेका लुम्बिनी प्रदेशका एक पीडितले बुवा बेपत्ता भएपछि परिवारको खेतीपाती रोकिएको, आमाले मजदुरी गरेर परिवार धान्नुपरेको र कैयौँ दिन मसुरोको दालको भरमा गुजारा गर्नुपरेको, लगाउने लुगा नहुँदा आमाले फाटेको पेटिकोट सिलाएर बनाइदिएको कट्टु लगाउनु परेको बताए। असुरक्षाका कारण दिदी माओवादी पार्टीमा लागेपछि आफू घरमा एक्लिएको उनको अनुभव छ। कठिन परिस्थितिका बाबजुद उनले मजदुरी गर्दै बि.ए.सम्म अध्ययन गरे पनि थप अध्ययन गर्ने इच्छा र आफ्ना बच्चाको शिक्षाको जिम्मेवारीबीच सङ्घर्ष गरिरहेका छन्। उनका लागि बुवाको अवस्थाबारे सत्य थाहा पाउनु आज पनि उत्तिकै महत्त्वपूर्ण छ। तर सुराकीका रूपमा चिनिएको व्यक्तिले आमासँग माफी मागिसकेको अवस्थामा दोषीलाई पुनः थुन्नुभन्दा परिवारले क्षतिपूर्ति पाए राम्रो हुने आमाको धारणा रहेको उनले बताए।[१८] यसले एउटै बेपत्ता परिवारभित्र पनि पुस्ता र समयअनुसार न्याय तथा राहतका प्राथमिकता फरक हुन सक्ने देखाउँछ।

## ३.१ पीडितले खोजेको न्याय

अधिकांश पीडितले आफ्नो परिवारजनमाथि के भएको थियो भनेर 'सत्य' जान्न पाउनुलाई न्याय प्राप्तिको पहिलो सर्तको रूपमा लिएका छन्। राज्य होस् या माओवादी, जोबाट हत्या

---

[१७] ती पीडितसँग साउन ५, २०८३ मा गरिएको कुराकानी।

[१८] ती पीडितसँग साउन ५, २०८३ मा गरिएको कुराकानी।

गरिएको भए पनि आफ्नो परिवारजनको हत्या किन, कसले र कहाँ गऱ्यो भन्ने थाहा पाउनुपर्ने मत पीडित परिवारको थियो ।

श्रीमान् बेपत्ता पारिएकी एक महिलाले भनिन्,"मेरो श्रीमान् अझ पनि फर्कन्छन् कि भन्ने आश लाग्छ । अझै पनि राति कुकुर भुक्दा श्रीमान् पो फर्केर आएको त होइन भनेझैँ हुन्छ । जबसम्म मेरो छाती माटोले पुरिँदैन, मेरो श्रीमान् फर्कन्छन् भन्ने आश रहिरहन्छ । मेरो श्रीमान् कहाँ लगियो, किन लगियो जानकारी चाहियो । मरेको भए लास चाहियो ।"[१९] त्यस्तै, श्रीमान् बेपत्ता पारिएकी अर्की एक महिलाले भनिन् :

> मेरो श्रीमान्लाई घरबाट उठाएर लैजाँदा म २७ वर्षकी थिएँ । अहिले ५२ वर्षकी भएँ । कसले लगेको हो भनेर किटानी जाहेरी पनि मैले दिएँ । तर २५ वर्ष भौँतारिँदा पनि न्याय मिलेको छैन । मैले बेपत्ता छानबिन आयोग लगायतमा विभिन्न निकायमा गएर सबै बताएँ । तर समय यति बित्यो कि मैले मेरो श्रीमान्बारे ती ठाउँमा के भनेर उजुरी दिएकी थिएँ भन्ने पनि बिर्सन लागेँ । मेरो श्रीमान् मारिएको नै हो भने पनि त्यसको प्रमाण त चाहियो नि ।[२०]

**तालिका १ : न्यायको अर्थबारे पीडितको धारणा**

| क्र.सं. | न्यायको अर्थ | जम्मा छनोट सङ्ख्या |
|---|---|---|
| १ | आफ्ना प्रियजनहरूलाई के भयो भन्ने सत्य तथ्य जान्नु | ३३ |
| २ | आधिकारिक मान्यता (द्वन्द्व पीडित परिचयपत्र) | ३१ |
| ३ | राष्ट्रिय सम्मान | २८ |
| ४ | स्मृति निर्माण (पार्क, सालिक, सडक नामकरण आदि) | २१ |
| ५ | पीडकहरूलाई कानूनी कारबाही र सजाय | १९ |
| ६ | सहिद घोषणा/दर्जा | १४ |
| ७ | राज्य/पीडकहरूबाट सार्वजनिक माफी | ६ |

[१९] ती पीडितसँग साउन ५, २०८३ मा गरिएको कुराकानी ।
[२०] ती पीडितसँग साउन ६, २०८३ मा गरिएको कुराकानी ।

वर्तमान सन्दर्भमा पीडितको बुझाइमा 'न्याय' को अर्थ के हो भन्ने डीआरसीएनले ६० जना पीडितसँग गरेको सर्वेक्षणको एक प्रश्नमा तालिका १ मा देखाइएबमोजिम जवाफ आएको थियो।

एकभन्दा धेरै विकल्प छान्न पाइने गरी सोधिएको उक्त प्रश्नमा धेरै पीडितले 'पीडकलाई सजाय' लाई दोस्रो वा तेस्रो प्राथमिकतामा राखेका छन्। सत्य थाहा पाएपछि मात्र सजायको कुरा आउने देखिन्छ। त्यसैले आफ्ना प्रियजनबारे सत्यतथ्य जान्नु धेरैको पहिलो प्राथमिकता थियो। कतिपयले स्पष्ट रूपमा भनेका छन्, "अब प्रमाण भेटिँदैन, त्यसैले सत्य नै मुख्य न्याय हो।" माओवादीबाट अपहरणमा परेका एक राजनीतिक दलका नेता र माओवादीले यातना दिई दुवै हात काटिदिएका एक शिक्षकले रूकुम पश्चिमको मुसिकोटमा डीआरसीएनले गरेको अन्तर्क्रियामा त्यतिबेला ती कार्य किन गरियो भनेर दुवै पक्ष राखेर बताउनुपर्ने मत राखेका थिए।[२१] अपहरणमा परेका राजनीतिकर्मीको भनाइ थियो, "हिजो मलाई त्यस्तो गऱ्यो, त्यसलाई पनि त्यस्तै हुनुपर्छ त म भन्दिनँ तर मलाई किन अपहरण गरियो भनी मलाई अपहरण गर्ने मानिससँग सँगै राखेर कुरा त गराउनु पऱ्यो।"[२२] सोही अन्तर्क्रिया कार्यक्रममा सहभागीहरूले सङ्क्रमणकालीन न्यायको प्रक्रियामा मेलमिलापको काम आधारभूत रूपमा हुनपर्ने भए पनि त्यो काम नै २० वर्षसम्म सुरु नभएको बताए।

सर्वेक्षणको नतिजाअनुसार द्वन्द्व पीडितको रूपमा आधिकारिक मान्यता (परिचयपत्र) र राष्ट्रिय सम्मान धेरैजसो पीडितका लागि दोस्रो-तेस्रो प्राथमिकता थियो। परिचयपत्र नपाएकाले पाउनुपर्ने र पाएकाले त्यसको उपयोगिता नभएको बताएका थिए। यातायात छुट, स्वास्थ्य सहुलियत, शिक्षा छात्रवृत्ति आदि सुविधासहितको परिचयपत्र हुन पर्ने पीडितहरूको माग थियो।

बेपत्ता र मृत्यु भएका व्यक्तिका परिवारका सदस्यले स्मृति पार्क, सालिक, सडक नामकरण र सहिद घोषणा चाहेका थिए। यसलाई उनीहरूले "हाम्रो मान्छे बिर्सिइएन" भन्ने प्रतीकात्मक न्यायको रूपमा लिएको पाइयो। राज्य पक्षबाट परिवारको तीन सदस्यको हत्या भएको एक पीडितले भनिन्, "हिजो हामीलाई तिम्रो परिवार अमर भयो भनेर पार्टीका मान्छेले भन्थे, त्यो भनेको उनीहरूको नाममा पार्क, पुस्तकालय वा बाटोको नामकरण गरिनु हो। भोलिका पिंढीले

---

[२१] ती पीडितद्वारा डीआरसीएनले साउन २६, २०८३ मा मुसिकोटमा आयोजना गरेको अन्तर्क्रिया कार्यक्रममा व्यक्त भनाइ।

[२२] ती पीडितद्वारा डीआरसीएनले साउन २६, २०८३ मा मुसिकोटमा आयोजना गरेको अन्तर्क्रिया कार्यक्रममा व्यक्त भनाइ।

त्यो हेरेर थाहा पाऊन् र प्रेरणा पनि लिऊन् कि यिनले हाम्रो समाजमा भएको अन्याय विरुद्धको सङ्घर्षमा ज्यान दिएका रहेछन् ।"[२३] मृतकका परिवारको सदस्यले आफ्नो मान्छेको सालिक राखेको हेर्न चाहेका थिए । छोरा मारिएकी जाजरकोटकी एक महिलाले भनिन्, "मसँग पैसो हुँदो हो त मेरो छोराको सालिक म आफैँ बनाउथेँ ।"[२४]

'एक टुक्रा हड्डी भेट्टाए पनि क्रियाकर्म गर्न हुन्थ्यो', 'घटनाको मितिदेखिको क्षतिपूर्ति चाहियो', 'परिपूरण (शिक्षा, स्वास्थ्य, रोजगारी) नै न्याय हो', 'सार्वजनिक माफी मागियोस् र राज्यले मर्का पऱ्यो भन्ने स्वीकारोस्' आदि जस्ता माग उत्तरदाताले बताए । यी उत्तरहरूले देखाउँछन् कि न्याय केवल कानूनी सजाय होइन, सत्य निरूपण, परिपूरण, सम्मान र स्मृतिको मिश्रण हो ।

न्याय पाउने समय घर्कंदै गएपछि हिजो पीडकलाई अभियोजन नै गरिनुपर्छ भन्ने केही पीडितले आफूहरू थाक्दै गएको बताए । सुराकीको आरोपमा माओवादीले हत्या गरेको एक व्यक्तिका बुवाले गुलरियामा डीआरसीएनले गरेको सार्वजनिक अन्तर्क्रियामा भने, "मेरो छोरीको हत्या गर्नेविरुद्ध मैले किटानी जाहेरी नै दिए पनि केही भएन । पीडकलाई केही दिनको लागि भए पनि थुन्नुपर्छ भन्ने मलाई लाग्थ्यो तर अब आश मर्दै गयो । अब मेरो परिवारलाई राम्रो परिपूरणको प्याकेज भइदिए हुन्थ्यो भन्ने लाग्छ ।"[२५]

अधिकांश पीडितहरूले समयसँगै आफ्नो माग बदलेका छन् । पहिले 'सत्य र बदला' थियो, अहिले 'सत्यका साथै बाँच्नका लागि परिपूरण' बनेको छ । उनीहरूले बारम्बार भनेका छन् : सत्य थाहा पाएपछि मात्र मन शान्त हुन्छ, अनि बाँचेकाहरूलाई राज्यले जिम्मेवारी लिनुपर्छ । यसले देखाउँछ कि सङ्क्रमणकालीन न्याय प्रक्रियामा सत्य आयोगको प्रभावकारी काम, सुविधासहितको परिचयपत्र, परिपूरण कार्यक्रम र मेलमिलापको आधारभूत काम (जुन २० वर्षसम्म सुरु नै भएको छैन) पीडितहरूका मुख्य माग हुन् ।

---

[२३] ती पीडितसँग साउन २५, २०८३ मा गरिएको कुराकानी ।

[२४] ती पीडितसँग साउन २४, २०८३ मा गरिएको कुराकानी ।

[२५] ती पीडितद्वारा डीआरसीएनले साउन ७, २०८३ मा गुलरियामा आयोजना गरेको अन्तर्क्रिया कार्यक्रममा व्यक्त भनाइ ।

# ४. आवश्यकता सम्बोधनको सरकारी प्रयास

सशस्त्र द्वन्द्वका पीडितका आवश्यकता सम्बोधन गर्न राज्यले विभिन्न चरणमा राहत, आर्थिक सहायता, स्वास्थ्य, शिक्षा, सामाजिक सुरक्षा तथा पुनर्स्थापनाका कार्यक्रम सञ्चालन गर्दै आएको छ । संघीय तहमा गृह मन्त्रालयले त्यस्तो काम गर्दै आएको छ । द्वन्द्वका क्रममा मृत्यु भएका, बेपत्ता पारिएका तथा अपाङ्गता भएका व्यक्ति र तिनका परिवारको अभिलेख व्यवस्थापन, घाइतेको अपाङ्गताको प्रतिशत निर्धारण तथा आर्थिक सहायता, मृतक तथा घाइतेका आश्रित परिवारलाई मासिक वृत्ति र बालबालिकालाई छात्रवृत्ति उपलब्ध गराउने जिम्मेवारीसमेत मन्त्रालयअन्तर्गत छ ।

आर्थिक राहततर्फ सरकारले द्वन्द्वमा मृत्यु भएका तथा बेपत्ता पारिएका व्यक्तिका परिवारलाई अन्तरिम राहत भनी प्रतिपरिवार रु. १० लाख उपलब्ध गरायो । नेपाल सरकारको तेस्रो विश्वव्यापी आवधिक समीक्षासम्बन्धी प्रतिवेदनमा १४,३६८ मृतकका परिवारलाई रु. १४ अर्ब ३ करोड ८१ लाख ८७ हजार ४०० तथा १,२२८ बेपत्ता व्यक्तिका परिवारलाई रु. १ अर्ब २१ करोड ९९ लाख ८१ हजार ६०० अन्तरिम राहत उपलब्ध गराइएको उल्लेख छ । त्यस्तै, अपहरणमा परेका ५,६११ व्यक्तिका परिवारलाई रु. २ करोड ८७ लाख ५० हजार तथा १,०३,७७१ विस्थापित परिवारलाई रु. १ अर्ब १ करोडभन्दा बढी आर्थिक सहायता उपलब्ध गराइएको सरकारी विवरणमा उल्लेख छ ।[२६] यसबाट द्वन्द्वका कारण तत्कालीन रूपमा सिर्जित आर्थिक सङ्कटलाई सम्बोधन गर्न राज्यले ठूलो परिमाणमा राहत परिचालन गरेको देखिन्छ ।

---

[२६] Office of the Prime Minister and Council of Ministers. 2020. *Universal Periodic Review Report (3rd Cycle) of Nepal Submitted to Human Rights Council on 12 October 2020*. Kathmandu: Office of the Prime Minister and Council of Ministers, Human Rights and Treaty Division, Government of Nepal. Available at https://giwmscdntwo.gov.np/media/pdf_upload/Regarding%20posting%20of%20Nepal%27s%203rd%20cycle%20UPR_qjkxz45.pdf?utm_source=chatgpt.com; accessed on September 22, 2026.

तर राहत वितरणलाई मात्र पीडितको आवश्यकता सम्बोधनको पूर्ण आधार मान्न सकिँदैन। धेरै पीडितका लागि सत्यको खोजी, न्याय, पहिचान, दीर्घकालीन जीविकोपार्जन, स्वास्थ्य, शिक्षा र सामाजिक सम्मानसमेत उत्तिकै महत्त्वपूर्ण छन् । यही आवश्यकतालाई सम्बोधन गर्न सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग गठन गरिएका छन् । बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले बेपत्ता पीडित परिवारलाई परिचयपत्र वितरण गर्नुका साथै राहत तथा परिपूरणका लागि सरकारसमक्ष सिफारिस गर्छ । आयोगका अनुसार हालसम्म दर्ता भएका ३,३५८ उजुरीमध्ये ७५६ फछ्र्यौट भएका छन् भने २,६०२ उजुरी विस्तृत छानबिनको क्रममा छन् । छानबिनबाट पीडित ठहरिएका परिवारका ३,९९३ जनालाई बेपत्ता पीडित परिचयपत्र उपलब्ध गराइएको छ । साथै, सरकारबाट कुनै राहत नपाएका ५५१ परिवारलाई न्यूनतम रु. १० लाख राहत उपलब्ध गराउन सिफारिस गरिएकामा हालसम्म ९३ परिवारले मात्र उक्त राहत प्राप्त गरेको आयोगले जनाएको छ ।[२७]

## ४.१ अन्तरिम राहत

हत्या गरिएको र बेपत्ता व्यक्तिको परिवारलाई नेपाल सरकारले अन्तरिम राहत प्रदान गरेको थियो । किस्ता किस्तामा अन्तरिम राहत दिइएकाले त्यसले प्रभावकारी काम गर्न नसकेको भन्दै पीडितले असन्तोष व्यक्त गरे । अन्तरिम राहतबापत प्राप्त केही रकम बालबालिकाको शिक्षा तथा उपचारमा खर्च गरे पनि बर्दिया र कैलालीका धेरै पीडितले थोरै भए पनि जग्गा जोडेको बताए । त्यसबाट केही पीडितले सानो घरसमेत बनाएको पाइयो । राजापुरको एक जना पीडितले अन्तरिम राहत किस्तामा दिँदा पीडितलाई परेको मर्काबारे भने, “अन्तरिम राहतको रकम राज्यले एकै पटक दिएको भए पीडितले धेरै जग्गा खरिद गर्न सक्थे । त्यतिबेला जग्गा धेरै सस्तो थियो । यहाँका धेरै पीडित कमैया थिए । उनीहरूलाई अहिले त्यसकै आम्दानीले खान पुग्दथ्यो । तर किस्ता किस्तामा पैसा दिँदा घर व्यवहारमा पनि केही खर्च भयो ।”[२८] कैलालीकी एक पीडितले पनि किस्तामा पैसा पाउँदा धनगढीमा चार धुरमात्र जग्गा किन्न

---

[२७] डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) । २०८३ । *नेपालको सङ्क्रमणकालीन न्याय पीडितको प्रतीक्षा, राजनीतिक हस्तक्षेप र चुनौती* । ललितपुर : डीआरसीएन । www.democracyresource.org/wp-content/uploads/2026/07/DRCN-PSU-21-Transitional-Justice-in-Nepal-Victims-Prolonged-Wait-Political-Interference-and-Emerging-Challenges-Nepali-Version-July-2026.pdf मा उपलब्ध; भदौ २४, २०८३ मा हेरिएको ।

[२८] ती पीडितसँग साउन ५, २०८३ मा गरिएको कुराकानी ।

सकिएको बताइन् ।[२९] अहिलेको मापदण्डअनुसार चार धुर जमिनमा घरका लागि नक्शा पास नहुने भएकोले खेर जाने चिन्ता व्यक्त गरिन् ।

अन्तरिम राहत बापतको १० लाख रूपैयाँमध्ये अझसम्म पनि आंशिक रकम मात्र पाएका दुई पीडित परिवार बर्दियाको मधुवन नगरपालिकामा भेटिए । त्यहाँकी गोहिनी थरूनीको छोरा दुर्गानाथ योगीलाई राज्य पक्षले बेपत्ता बनायो । अर्को, राज्य पक्षले नै लेखनाथ पोखरेलको हत्या गऱ्यो । तर यी दुई परिवारले अहिलेसम्म अरूसरह राहत पाउन नसकेको गुनासो गरे । गोहिनी थरूनीले अन्तरिम राहत बापत वैशाख ५, २०५९ मा ८ लाख ५० हजार रूपैयाँ प्राप्त गरिन् । त्यस्तै लेखनाथ पोखरेलकी श्रीमतीले ५ लाख रूपैयाँ मात्र पाइन् । अन्तरिम राहत पाउन पनि राज्यले दिएको हैरानीबारे दुर्गानाथ योगीकी बहिनी सुभद्रा योगीले भनिन्, “हामीलाई अन्तरिम राहत पाइन्छ भन्ने पनि थाहा थिएन । म ठूली भएपछि मात्र त्यसबारे थाहा पाएँ । त्यसपछि आमा र म जिल्ला प्रशासन कार्यालय धाउँदा-धाउँदा ८ लाख ५० हजार रूपैयाँ मात्र पाइयो । बाँकी रकमका लागि पनि जिल्ला प्रशासन कार्यालयमा ताकेता गरिरहेका छौँ । छुट रकम किन नपाएको भन्नेबारे कसैले पनि स्पष्ट जवाफ दिँदैनन् । हाम्रो परिवारको लागि अरू पैसाको मूल्य छैन । तर यो अन्तरिम राहतको पैसा मेरो दाइको ज्यानको पैसा हो त्यसैले मलाई यो रकम बढी मूल्यवान लाग्छ । मेरो आमाले त्यो रकम पाउनुपर्छ ।”[३०]

धेरै पीडितमा अन्तरिम राहतलाई नै सरकारले परिपूरणको रूपमा व्याख्या गर्ने सक्ने आशङ्का थियो । सरकारले त्यसो गरेमा पीडितको लागि अन्याय हुने मत उनीहरूको थियो । डीआरसीएनले बर्दियामा गरेको अन्तर्क्रिया कार्यक्रममा एक महिलाले भनिन्, “मेरो श्रीमान् अहिलेसम्म बाँचेको भए १० लाख रूपैयाँभन्दा धेरै नै कमाउनुहुन्थ्यो । मेरो श्रीमान्को मूल्य १० लाख होइन । मेरो श्रीमान्को हत्या गर्ने मान्छे मैले चिनेको छु । के १० लाख रूपैयाँ दिएर मैले उसको हत्या गर्न मिल्छ ? यदि अन्तरिम राहतलाई सरकारले परिपूरण हो भन्यो भने हाम्रो लागि अन्याय हो ।”[३१]

[२९] ती पीडितसँग साउन १९, २०८३ मा गरिएको कुराकानी ।

[३०] योगीद्वारा डीआरसीएनले साउन ७, २०८३ मा गुलरियामा आयोजना गरेको अन्तर्क्रिया कार्यक्रममा व्यक्त भनाइ ।

[३१] ती पीडितद्वारा डीआरसीएनले साउन ७, २०८३ मा गुलरियामा आयोजना गरेको अन्तर्क्रिया कार्यक्रममा व्यक्त भनाइ ।

पीडितको तत्कालको आवश्यकता सम्बोधन गर्न अस्थायी सहयोग मात्र थियो अन्तरिम राहत । यसले पूर्ण न्यायको प्रत्याभूति गर्दैन । तसर्थ, यसलाई न्याय प्रक्रियामा परिपूरणको विकल्प वा समान मान्न सकिँदैन ।

## ४.२ प्रदेश र स्थानीय सरकारका काम

सङ्घीय सरकारका यी प्रयाससँगै प्रदेश र स्थानीय तहले पनि आफ्ना स्रोत, प्राथमिकता र आवश्यकताअनुसार कार्यक्रम सञ्चालनका प्रयास गरेका छन् । कर्णाली प्रदेशले द्वन्द्व पीडित सहिद, बेपत्ता व्यक्तिको परिवार तथा घाइतेहरूको सम्मान र जीवन निर्वाह भत्ता मासिक २ हजार रूपैयाँका दरले प्रदान गरेको छ । सुदूरपश्चिम प्रदेश सरकारले आर्थिक वर्ष २०८१/०८२ मा द्वन्द्व पीडित लक्षित केही कार्यक्रम गर्ने भनेर ६ लाख हाराहारीको बजेट छुट्ट्याएको र आर्थिक वर्षको अन्ततिर आफूहरूलाई बोलाएर के गर्न सकिन्छ भन्ने खालको सल्लाह भएपछि पीडितको परिवारको स्वास्थ्य विमा गर्ने कार्यक्रम बनेको एक द्वन्द्व पीडित परिवारकी सदस्यले बताइन् ।[३२] उनका अनुसार समय एकदमै छोटो भएकोले यो कार्यक्रमबारे सीमित पीडितलाई मात्र थाहा हुन सक्यो भने अर्कोतिर प्रदेशको आन्तरिक मामिला मन्त्रालयमा आएर सम्झौता गर्नु पर्दा प्रदेशका सबै पीडितका लागि प्रक्रिया झन्झटिलो र पाउने सुविधाभन्दा खर्चिलो भएको थियो । आर्थिक वर्ष २०८२/०८३ मा पनि प्रदेश सरकारले स्वास्थ्य विमाकै लागि रकम विनियोजन गरे पनि झन्झटिलो र ओहोरदोहोर नै खर्चिलो हुने भएकाले धेरै पीडितले यसलाई उपयोग नगरेको बताए । यसले पीडितका लागि कार्यक्रम घोषणा गर्नु मात्र पर्याप्त नभई त्यसको पहुँच र कार्यान्वयन प्रक्रिया पनि सरल र पीडितमैत्री हुनुपर्ने देखाउँछ ।

स्थानीय तहमा भने द्वन्द्व पीडितको जीविकोपार्जन, सामाजिक सुरक्षा र सम्मानलाई लक्षित गरी विभिन्न कार्यक्रम सञ्चालन भएको पाइन्छ । विशेषतः तत्कालीन नेकपा (माओवादी केन्द्र) ले जितेका स्थानीय तहमा पीडितलक्षित त्यस्ता कार्यक्रम बनाएको पाइन्छ । लुम्बिनी प्रदेशको राजापुर नगरपालिका पीडितको लागि कार्यक्रम बनाउनमा अग्रणी पाइयो । पालिकाले पीडितका लागि मासिक ३ हजार भत्ताको व्यवस्था, ५० हजार बराबरको पशुधन (भैँसी, बाख्रा, बङ्गुर) वितरण, पीडितलाई वार्षिक सम्मान कार्यक्रम, वर्षमा एकपटक वनभोज कार्यक्रम, पटक-पटक मनोपरामर्श सेवा, पीडितको लागि स्वास्थ्य विमालगायत कार्यक्रम गरेको छ । विद्यालयमा शहिद तथा बेपत्ता व्यक्तिका जीवनीबारे पठनपाठन हुनेगरी स्थानीय पाठ्यक्रम निर्माण, पार्क निर्माण जस्ता स्मृतिका काम भएका छन् । यस्ता केही प्रयास बर्दियाकै बाँसगढी

---

[३२] ती पीडितसँग साउन १८, २०८३ मा गरिएको कुराकानी ।

नगरपालिकाले पनि थालेको छ । त्यहाँकै बाह्रबर्दिया नगरपालिकामा शहीद र बेपत्ताबारे कक्षा ६ र ७ को स्थानीय पाठ्यक्रममा समेटिएको छ । स्थलगत अध्ययनका क्रममा द्वन्द्व पीडितहरूले स्थानीय तहले पीडितका लागि छुट्टै बजेट विनियोजन गर्नुपर्ने मागसमेत राखेका छन् । यसबाट पीडितका आवश्यकता केवल नगद राहतमा सीमित नभई शिक्षा, स्वास्थ्य, जीविकोपार्जन, सामाजिक सम्मान, स्मृति संरक्षण र पहिचानसँग समेत जोडिएको देखिन्छ ।

यसरी हेर्दा संघीय, प्रदेश र स्थानीय तहबाट द्वन्द्व पीडितका लागि विभिन्न कार्यक्रम सञ्चालन भए पनि तिनको प्रकृति, पहुँच र कार्यान्वयनमा समानता छैन । संघीय तहबाट राहत, अभिलेख, सत्यअन्वेषण र परिपूरणको नीतिगत तथा संस्थागत आधार तयार गर्ने, प्रदेशबाट स्वास्थ्य, सामाजिक सुरक्षा र पुनर्स्थापनाका कार्यक्रमलाई समन्वय गर्ने तथा स्थानीय तहबाट जीविकोपार्जन, शिक्षा, स्वास्थ्य र सामाजिक पुनर्स्थापनाका कार्यक्रम सञ्चालन गर्ने गरी तहगत जिम्मेवारी स्पष्ट गर्न आवश्यक देखिन्छ । पीडितको वास्तविक आवश्यकता पहिचान गरी परिपूरणका कार्यक्रम बनाउँदा प्रभावकारी हुन्छ र तहगत समन्वय गर्दा मात्रै एउटै प्रकृतिको सुविधा विभिन्न तहबाट दोहोरिने परिस्थिति आउँदैन । पीडित पहिचान गर्ने, तिनको तत्काल तथा दीर्घकालीन आवश्यकता सम्बोधन गर्ने, त्यसका लागि सरकारका सबै तहहरूबीच समन्वय सुनिश्चित गर्ने तथा न्याय र परिपूरणसम्बन्धी पीडितका अधिकारबारे नेपालका संवैधानिक एवं अन्तर्राष्ट्रिय दायित्व पूरा गर्न स्पष्ट मार्गदर्शन दिने परिपूरणसम्बन्धी एक विस्तृत राष्ट्रिय नीति आवश्यक देखिन्छ ।[३३]

[३३] Advocacy Forum-Nepal. 2025. Past Impunity is Present Impunity is Future Impunity in Nepal. Available at www.advocacyforum.org/wp-content/uploads/2025/11/impunity-report-nov-2025.pdf, accessed on September 27, 2026.

# ५. निष्कर्ष

माओवादी द्वन्द्व अन्त्य भएको दुई दशक पुग्दा पनि सङ्क्रमणकालीन न्याय टुङ्गोमा पुगेको छैन । त्यसैले द्वन्द्व पीडितका पीडा र समस्या पनि यथावत नै छन् । तर न्याय र परिपूरणतर्फ उनीहरूको प्राथमिकता भने केही बदलिएका छन् । शान्ति सम्झौता भएलगत्तैको काल खण्डमा घटनाबारे सत्यको खोजी, दोषीमाथि कारबाही र तत्कालीन जीविकोपार्जनको सङ्कट पीडितका मुख्य सरोकार थिए । लामो समयसम्म न्यायिक प्रक्रिया नटुङ्गिदा अहिले धेरै पीडितका लागि न्यायको प्रश्न दैनिक जीवनको आर्थिक, शारीरिक र पारिवारिक सङ्कटसँग जोडिएको छ । त्यसैले अहिलेको आवश्यकता केवल विगतको घटनाको सम्बोधन होइन; द्वन्द्वको पीडाले कमजोर बनाएको परिवारको वर्तमान जीवन र आगामी पुस्ताको भविष्यसमेत सम्बोधन गर्ने समग्र दृष्टिकोण आवश्यक देखिन्छ ।

अध्ययनले अधिकांश पीडित आर्थिक सहयोग, रोजगारी, सीप, उद्यमका लागि बीउ पुँजी, सन्तानको उच्च शिक्षा तथा निःशुल्क स्वास्थ्य उपचार चाहेको देखाउँछ । यद्यपि विविध आवश्यकता पीडितको तत्कालीन प्राथमिकतामा देखिए पनि यसलाई न्यायको विकल्पका रूपमा बुझ्नु उपयुक्त हुँदैन । उनीहरूले आफ्नो परिवारजनमाथि के भएको थियो भन्ने सत्य जान्न पाउने अधिकारलाई न्यायको आधारभूत सर्त अद्यापि मान्छन् । विशेषतः बेपत्ता परिवारका लागि 'सास कि लास' को मागले न्यायको प्रश्न अझै जीवित रहेको देखाउँछ भने यौन हिंसा पीडितका लागि राज्यद्वारा पीडितको रूपमा स्वीकार गरिनु नै न्यायको प्रारम्भिक आधार बनेको छ । अर्कोतर्फ, लामो प्रतीक्षा र न्यायिक प्रक्रियाप्रतिको निराशाले केही पीडितलाई अभियोजनभन्दा परिपूरणतर्फ प्राथमिकता दिन थालेको पनि देखिन्छ । यसले पीडितको न्यायसम्बन्धी धारणा स्थिर नभई समय, उमेर, आर्थिक अवस्था, घटनाको प्रकृति र न्याय प्राप्तिको अनुभवसँगै परिवर्तन भइरहेको देखाउँछ ।

अर्को महत्त्वपूर्ण पक्ष, अन्तरिम राहत तत्कालका लागि पीडितलाई दिइएको रकम हुनाले यसलाई सङ्क्रमणकालीन न्यायको परिपूरणको विकल्प कदापि मान्न सकिँदैन । त्यसैले पीडितको बदलिँदो आवश्यकतालाई स्वीकार गर्ने, सत्य उद्घाटन, परिपूरण, स्वास्थ्य तथा मनोसामाजिक सहयोग, कानूनी सहायता, शिक्षा, रोजगारी र जीविकोपार्जनका लागि एकीकृत

दीर्घकालीन नीति आवश्यक छ । विशेषतः यौन हिंसा तथा बलात्कार पीडितका लागि गोपनीयता, सुरक्षा, राज्यबाट औपचारिक स्वीकार र मनोसामाजिक सहयोगलाई प्राथमिकता दिनुपर्ने देखिन्छ ।

प्रदेश तथा स्थानीय तहले सुरु गरेका विभिन्न कार्यक्रमलाई पनि संघीय तहको सङ्क्रमणकालीन न्याय प्रक्रियासँग समन्वय गरी पीडितको वास्तविक आवश्यकतामा आधारित बनाउनु पर्छ ।

सन् २०१४ मा स्थापित डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डीआरसीएन) सामाजिक र राजनीतिक विषयमा अध्ययन-अनुसन्धान गर्ने राष्ट्रिय गैर-सरकारी संस्था हो । स्थापनाकालदेखि यस संस्थाले नेपालको संक्रमणकालीन राजनीतिमा संघीयता कार्यान्वयनको प्रक्रिया, स्थानीय तह पुनःसंरचना, निर्वाचन पर्यवेक्षण, जस्ता विषयमा स्थलगत र तथ्यमा आधारित अध्ययन-अनुसन्धान गरेको छ । डीआरसीएनले अध्ययन-अनुसन्धानका निष्कर्ष सरोकारवालाहरूसँग प्रस्तुत गर्ने, छलफल र बहस पनि चलाउने गरेको छ । यस्ता अनुसन्धान कार्य र बहसमार्फत नेपालको संघीय संरचना अन्तर्गत प्रभावकारी शासन पद्धतिको प्रवर्द्धन गर्नु डीआरसीएनको लक्ष्य हो ।

DEMOCRACY
RESOURCE CENTER

डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल
ललितपुर, नेपाल
फोन : +९७७-१-५९०२२८६
info@democracyresource.org
https://www.democracyresource.org/